मिति २०७८.०४.२७ मा बसेको राजश्व परामर्श समितिको बैठक

आज मिति २०७८ श्रावण २७ गते दिउँसो १२ बजे मनहरी गाउँपालिका अन्तर्गत गठीत स्थानीय राजस्व परामर्श समितिको बैठक समिति संयोजक श्री मनिला विष्ट ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

श्री मनिला विष्ट गाउँपालीका उपाध्यक्ष संयोजक

श्री पम्फा रोक्का कार्यपालिका सदस्य सदस्य

श्री नारायण सुवेदी म.उ.बा. संघ पश्चिम क्षेत्र प्रतिनिधी सदस्य

श्री रामप्रसाद शर्माप्रमुख प्रशासकीय अधिकृत सदस्य

श्री संगिता अधिकारी लेखा अधिकृत सदस्य सचिव

आमन्त्रित

श्री एकराज उप्रेती गाउँपालीका अध्यक्ष विशेष उपस्थिति

श्री विष्णु बहादुर थिङ वडा नं ३ अध्यक्ष आमन्त्रित सदस्य

प्रस्तावहरु

१. नदिजन्य पदार्थ सप्लायर्स दर्ता सुचिकृत सम्बन्धमा ।
२. वेवारिसे नदिजन्य पदार्थ नापजाँच र लिलाम सम्बन्धमा ।
३. कर संकलन शिविर संचालन सम्बन्धमा ।
४. ठेक्का सूचना प्रकाशन गर्ने सम्बन्धमा ।
५. राजश्व संकलनको अवस्था वारे वडा अनुगमन गर्ने सम्बन्धमा ।
६. विविध

मिति २०७८.०४.२७ मा बसेको राजश्व परामर्श समितिको बैठक

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रतैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा नदिजन्य पदार्थ सप्लाई गर्ने मनहरी गापा अन्तर्गतका सप्लायर्सहरुलाई गाउँपालिकामा दर्ता तथा सुचिकृत हुन आजको मितिले सात दिन भित्रसुचना जारी गर्ने र करको दायरामा ल्याउन आवश्यक पहल गर्न सिफारिस गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा गाउँपालिका अन्तर्गत विभिन्न ठाउँमा थुपारीएको अवस्थामा रहेका वेवारिसे नदिजन्य पदार्थ वडा स्तरिय अनुगमन समिति र राजश्व परामर्श समितिको रोहोवरमा गापा को प्राविधिक समितिबाट नापजाँच गराइ जफत गरी लिलाम विक्रीको प्रकृया अगाडी वढाउन सिफारिस गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ४ माथि छलफल गर्दा मनहरी गाउँपालीका मनहरी क्षेत्रको लागि वडा नं ७ र हाँडिखोला क्षेत्रको लागि वडा नं ३ मा वडा कार्यालय मार्फत संकलन हुने सबै किसिमका करहरु(वडामा रहेका सबै कृषि समुह, सहकारी, उद्योग व्यवसायिहरु, वित्तिय क्षेत्र आदी) संकलन कार्यमा प्रभावकारिता को लागि उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समिति मनहरी संगको सहकार्य र राजश्व परामर्श समितिबाट अनुगमन हुने गरी वडा कार्यालयको व्यवस्थापनमा कर संकलन घुम्ती शिविर मिति२०७८.०५.०३ र ०४ गते संचालन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ५ माथि छलफल गर्दा हालै सम्पन्न नबौं गाउँसभाले आ.व. २०७८.०७९ को लागि स्विकृत गरेकोविभिन्न आय शिर्षकहरुमा ठेक्का वढावढको आधारमा(१)विज्ञापन कर ,(२)कवाडी कर,(३)पूर्वाधार उपयोग कर,(४)वातावरण प्रदुषण शुल्क,(५)पार्कीङ्ग शुल्क,(६)सार्वजनिक तथा ऐलानी जग्गा वाट काठ दाउरा जडीबुटी लिलाम बिक्री शुल्क,, र (७)कृषिजन्य बजार व्यवस्थापन शुल्क संकलनको लागि आवश्यक प्रकृया पूरा गरी बोलपत्रको सूचना निकाल्न कार्यालयलाई सिफारिस गर्ने र ठेक्का प्रकृया बारेको प्रतिवेदन राजश्व परामर्श समितिको बैठकमा पेश गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ६ माथि छलफल गर्दा वडा कार्यालयहरुबाट संकलन भइरहेको राजश्वको प्रभावकारीता र समयमा बैक दाखिला गर्ने प्रणाली व्यवस्थापन गर्न यस समितिले मासिक रुपमा कम्तिमा १ पटक अनुगमन गर्नेनिर्णय गरियो ।

६. विविध प्रस्तावमा छलफल गर्दा -

- राजश्व परामर्श समितिमा मनहरी गापा अन्तर्गतका व्यवसायिहरु तथा करदाताहरुबाट कोभिड लकडाउनका कारण परेको असरका कारण व्यवसाय कर र घरबहाल कर छुट हुनुपर्ने भनी गुनासो प्राप्त हुन आए अनुसार कर छुटका लागि गापाको आगामी कार्यापालिका बैठकमा सिफारिस गर्ने निर्णय गरियो।
- यस गापामा घरबहाल कर र बहाल विटौरी कर सम्बन्धी कार्यविधि अभावका कारण कर व्यवस्थापनमा समस्या भएको हुँदा घरबहाल कर र वहाल विटौरी कर सम्बन्धी कार्यविधीको मस्यौदा तयार गरी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।
- गाउँपालिका क्षेत्र भित्रका ढुङ्गा गिट्टी वालुवा व्यवसायिहरु संग समन्वय बैठक आवश्यक रहेको हुँदा मिति २०७८.०५.०१ विहान ८ बजे गाउँपालिकाको कार्यालयमाक्रशर व्यवसायी, चितवन राष्ट्रिय निकुञ्ज, नेपाल प्रहरी, पर्सा राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, पत्रकारहरु लगायत सरोकारवालाहरु संग समन्वय बैठक आयोजना गर्ने निर्णय गरियो.
- यस समितिको नियमित वैठक प्रत्येक महिनाको १५ गते विहान ८ बजे बसिने निर्णय गरियो।

उपरोक्त निर्णयहरु सर्वसम्मतीले पारित गरी बैठक सम्पन्न गरियो ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल